## युनिभर्सल क्रेडिट

युनिभर्सल क्रेडिट भनेको घर खर्च चलाउनको लागि पाईने भत्ता हो। यो भत्ता तपाईले पाउन सक्नु हुन्छ यदि:

- तपाईको आम्दानी कम छ वा तपाईको जागिर छैन भने
- तपाई १८ वर्ष वा माथिको हुनुहुन्छ भने (कुनै कुनै अवस्थामा १६ र १७ बर्षको मान्छेले पनि पाउन सक्छन)
- तपाई वा तपाईको जीवनसाथी पेन्सन खाने भन्दा कम उमेरको हुनुहुन्छ भने
- तपाई वा तपाईको जीवनसाथी बीच £१६००० भन्दा कमको बचत छ भने
- तपाई युकेमा बस्नु हुन्छ भने
- अपाङ्ग भत्ता लिनु हुन्न वा लिने योग्य हुनु हुन्न भने

युनिभर्सल क्रेडिटले धैरे जसो मान्छेहरुको लागि तल दिईएको भत्ताहरु बदल्छ:

- घर भत्ता
- आम्दानी सम्बन्धित बिरामी भत्ता
- आम्दानी सम्बन्धित बेरोजगारी भत्ता
- चाईल्ड ट्याक्स क्रेडिट
- वर्किङ्ग ट्याक्स क्रेडिट
- ईनकम सपोर्ट

युनिभर्सल क्रेडिट अरु भत्ताहरु भन्दा भिन्न छ। त्यसैले ती भिन्नताहरु जान्नु जरुरि छ।

सबै भन्दा ठुलो भिन्नताहरु:

- युनिभर्सल क्रेडिट तपाईले बेरोजगार हुँदा वा काम गर्दा पनि पाउन सक्नुहुन्छ
- एक वा दुई हप्ता भन्दा महिनामा एकचोटी भत्ता पाउनु हुन्छ
- घर भत्ता छुट्टै पाउनुको सट्टा, युनिभर्सल क्रेडिट भित्रनै पाउनु

## मिक्स एज्ड कपल - पेन्सनको उमेर पुगेको र नपुगेको जोडी

१५ मे २०१९ देखि यदि तपाई वा तपाईको श्रीमान/श्रीमतीमा एक जना मात्रै पेन्सन खाने उमेरको हुनुहुन्छ भने, तपाईलाई मिक्स एज्ड कपल भनिनेछ । यस्तो जोडीमा एकजना अझै पनि काम गर्ने उमेरको भएको हुनाले, भत्ता निवेदन गर्दा जोडीलाई काम गर्न लायक मानिनेछ तर पेन्सनको उमेर नपुगेको मान्छेलाई मात्रै काम गर्न/खोज्न लगाईने छ र तपाईहरुले युनिभर्सल क्रेडिट लिनु पर्नेछ। यदि १५ मेमा वा अगाडी पेन्सन क्रेडिट लिने योग्य हुनुहुन्छ भने १५ अगस्त सम्म निवेदन गर्न सक्नुहुन्छ।

बिशेष केस नभएमा र अहिले पेन्सन खादै आउनु भएको यस्तो जोडीको हालतमा परिवर्तन आएमा, १५ मे भन्दा पछाडीको सबै नयाँ निवेदन युनिभर्सल क्रेडिटको लागि हुनुपर्नेछ।



## क्लीयर प्रोजेक्ट

यो प्रोजेक्टको उदेश्य स्थानिय नेपाली समाजमा आर्थिक बिषयहरुको बारेमा जनचेतना जगाउनु हो। यस्ता बिषयहरुको बारेमा जानकारी दिएर, हामीले तपाईहरुको आर्थिक क्षमता बढाउँने र पैसाको समस्याहरुबाट बन्चित हुन सहयोग गर्ने आश गर्छौं।

हामीले जानकारी दिने केहि बिषयहरु:

- भत्ता
- ऋण
- बैंकिंग र बैंक खाताहरु
- बचत र बचत खाता
- बजेट (आम्दानी/खर्च योजना)
- आर्थिक चाल/छल कपट



## सम्पर्कको लागि :

यदि तपाई अझै जानकारी जान्न वा यो प्रोजेक्टमा समावेश हुन चाहनु हुन्छ भने, कृपया स्थानीय सिटिजन एड्भाईसलाई सम्पर्क गनुहोस्। तल दिईएका जानकारी बिशेष सल्लाहको लागि नभएर यो प्रोजेक्टको बारेमा जान्नको लागि मात्र हो।


ठेगाना:

अल्डरशट अफिस
३५-३९ हाई स्ट्रीट
अल्डरशट
जीयु११ १बिहैच

फार्नबोरो अफिस
काउन्सिल अफिस भित्र
फार्नबोरो रोड
फार्नबोरो
जीयु१४ ७जेयु

ईमेल: clear@citizensadvicerushmoor.org.uk

फोन : ०१२५२ ३३३६१८



Published February 2020 by

**Citizens Advice Rushmoor**
*Aldershot, Farnborough & Heathlands*

Registered Charity number: 1090669
Company Limited by Guarantee number: 4354628
Registered Office: Rushmoor CAB, Civic Offices
Farnborough Road, Farnborough, GU14 7JU


# युनिभर्सल क्रेडिट



सिटिजन एडभाइस citizens advice Rushmoor